आ.व.०८२।८३

समयः बिहान ८:०० बजे

**वैठक नं ४**

मितिः २०८२/७/

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षता तथा तपशि वमोजिमका कार्यापालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको वैठक वसि निम्न अनुसारको प्रस्त माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालि प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १० | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११ | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२ | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४ | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५ | श्री रुद्रहरि पुरी | सदस्य सचिव | | |

**अन्य उपस्थितीहरू**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि टण्डन | प्रशासकीय अधिकृत | |
| २ | प्रदिप पन्थ | कृषी अधिकृत | |
| ३ | सागर खनाल | का.स. | |

२०८२।०७।२६

मिति २०८२/०७/२६ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु    बैठक नं ४
समयः- बिहान ८: ३० बजे

प्रस्तावनाहरुः

| क्र. स. | कार्यसूचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यन्वयन समिक्षा सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २ | चालु आ.व. २०८२।०८३ का योजना कार्यान्वयन समबन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ.बाट | |
| ३ | कृषि विकाश र पशु विकास शाखाको कार्यक्रम संचालनको लागि क्षेत्र निर्धारण संबन्धमा ।<br>- जलवायू अनुकुलन कार्यक्रम।<br>- राष्ट्रिय फल सुन्तला बिषेश कार्यक्रम<br>- पकेट निरन्तरता सम्बन्धि कार्यक्रम<br>- बाखा प्रवर्द्धन कार्यक्रम । | अध्यक्षज्यू मार्फत कृषि शाखा प्रमुख प्रदिप पन्थ मार्फत | |
| ४ | नगर प्रहरी जवान करार पदपूर्ती सम्बन्धमा । | अध्यक्षज्यू मार्फत | |
| ५ | महालेखा परिक्षकको आ.व. २०८१।८२ को अन्तिम लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ६ | बाटो संकेत चिन्ह राखे सम्बन्धमा । | अध्यक्षज्यू मार्फत | |
| ७ | मनभाक उपस्वास्थ्य चौकीको लागि जग्गा प्राप्त प्रक्रिया अगाडी वढाउने सम्बन्धमा। | अध्यक्षज्यू मार्फत | |
| ८ | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालनको मिति र स्थान सम्बन्धमा। | अध्यक्षज्यू मार्फत | |
| ९ | ठेक्का व्यवस्थापन सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| १० | निर्माणाधिन प्रशासकीय भवनको आन्तरिक फर्निसिङ्ग सम्बन्धमा। | अध्यक्षज्यू मार्फत | |
| ११ | विद्युत महशुल भुक्तानी सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |

निर्णयहरुः

१. छत्रकोट गाउँपालिका गाउँकार्यपालिका मिति २०८२ असोज ०२ गते बसेको बैठकको निर्णय कार्यन्वयनको अवस्था बारेमा समिक्षा गरियो, निर्णय कार्यन्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

२. आ.व. २०८२।८३ को बजेट तथा कार्यक्रम अन्तर्गत वडा तर्फको बजेट सिलिङबाट छनौट गरिएका योजनाहरुको सम्झौता प्रक्रिया तत्काल अगाडी वढाउने निर्णय गरियो।

२०८२/०७/२३

मिति २०८२/०७/२६ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु   बैठक नं ४

समयः- विहान ८: ३० बजे

३. छत्रकोट गाउँपालिकाको वार्षिक विकास कार्यक्रम अन्तर्गत कृषि विकास शाखा र पशु विकास शाखा वाट संचालन हुने तपसिल बमोजिमका कार्यक्रमको संचालनको लागि देहायका स्थान छनौट गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यक्रमको नाम | बजेट रु | संचालन गरिने क्रियाकलाप | स्थान |
|---|---|---|---|---|
| १ | नेपाल जलवायु नमुना कार्यक्रम | २० लाख | ५०% अनुदानमा उँखु विउ वितरण | सबै वडा |
| २ | राष्ट्रिय फल सुन्तला बिषेश कार्यक्रम | ९ लाख | सुन्तलाको विरुवा र खाडल मा अनुदान(५०%) (न्यूनतम ५० वटा विरुवा लगाउनुपर्ने) | सबै वडा |
| ३ | आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता | ६ लाख | वडा नं १ को सित्तली तरकारी उत्पादक कृषक समूहलाई निरन्तरता | निरन्तरता |
| ४ | बाखा प्रवर्द्धन कार्यक्रम | ४ लाख | कार्यविधि अनुसार (खोर सुधार र बाखा अनुदानमा वितरण) | वडा नं ६,दौघा |

४. छत्रकोट गाउँपालिकामा रिक्त नगर प्रहरी जवान संख्या-२ जनाको लागि करार पदपूर्ती गर्नको लागि प्रक्रिया अगाडी वढाउने निर्णय गरियो।

५. महालेखा परिक्षकको आ.व. २०८१।८२ को अन्तिम लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरियो। साथै समयमानै उक्त प्रतिवेदन उपर प्रतिक्रिया दिई वेरुजु संपरीक्षण प्रक्रियालाई अगाडी वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

६. छत्रकोट गाउँपालिका भित्रका सबै सडकहरुमा बाटो स्थान संकेत र दुरी संकेत राख्नको लागि सम्बन्धीत वडावाट नापजाँच गरी प्रतिवेदन पेश गर्न सबै वडालाई जानकारी गराउने निर्णय गरियो।

७. आठौं राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता मिति २०८२।०८।२० गते देखि २०८२।०८।२२ गते सम्म छत्रकोट गाउँपालिका वडा नं ६,सेङ्दि खेलमैदान, खर्ज्याङ्ग,गुल्मीमा संचालन गर्ने निर्णय गरियो।

२०८२/०७/२६

मिति २०८२/०७/२६ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

समयः- विहान ८: ३० बजे वैठक नं ४

निर्णय नं. ८ मनभाक उपस्वास्थ्य चौकीको भवन निर्माण प्रयोजनका लागि निःशुल्क जग्गा उपलब्ध गराउन इच्छुक देहायका जग्गादाताहरुवाट तपसिल बमोजिमका जग्गा प्राप्तिको प्रक्रिया अगाडी वढाउने निर्णय गरियो।

तपसिलः-

| सि.नं. | जग्गादाताको नाम | ठेगाना | कि.नं. | क्षेत्रफल(रोपनीमा) |
|---|---|---|---|---|
| १ | कमला भण्डारी | साविक हर्दिनेटा -२ | १४८० | ०-१०-०-१ |
| २ | रमेश कुमार श्रेष्ठ | साविक हर्दिनेटा -२ | ९३९ | ७-४-२-१ वाट पूर्व र उत्तर तर्फको ०-१२-०-० |
| ३ | शिव प्रसाद भण्डारी | साविक हर्दिनेटा -२ | १४८१ | १-३-०-० |
| ४ | शेषकान्त श्रेष्ठ र विष्णु प्रसाद भण्डारी | साविक हर्दिनेटा -२ | ५१८ | २-३-०-२ |
| ५ | शेषकान्त श्रेष्ठ र विष्णु प्रसाद भण्डारी | साविक हर्दिनेटा -२ | १४८२ | १-५-२-२ |
| ६ | शेषकान्त श्रेष्ठ र विष्णु प्रसाद भण्डारी | साविक हर्दिनेटा -२ | १४८४ | ०-९-३-० |
| | जम्मा | | | ६-१०-५-५ |

निर्णय नं. ९ गुल्मी जिल्ला छत्रकोट ४ दिगाम कालिका नगर बोखर मनभाग सडक स्तरोन्नति कार्य,बजेट रु २५,००,०००।— र गुल्मी जिल्ला छत्रकोट गा.पा गुल्मी लुम्छा-धरमपानी-दिगाम-सातमुरे सडक स्तरोन्नति अन्तर्गत चण्डीस्थान मौलिपुर सडक स्तरोन्नति कार्य, बजेट रु २५,००,०००।-- गरि जम्मा ५०,००,०००।— बजेटमा गाउँपालिकाको आन्तरिक आयवाट थप १५,२६,०००।— रकम व्यवस्था गरि योजनाको एकमुष्ट ठेक्का निकाल्ने तथा गुल्मी जिल्ला छत्रकोट गाउपालिका वार्ड नं.१ गुड्टुङ देखि सिस्नेखोला सडक स्तरोन्नती, बजेट रु ४०,००,०००।— र गुल्मी जिल्ला छत्रकोट २,१, भेडुवा गुड्टुङ ठुलापोखरा चोरकाटे सडक स्तरोन्नति कार्य,बजेट रु २५,००,०००।— गरि जम्मा ६५,००,००० मा गाउँपालिकाको आन्तरिक आयबाट थप रु १५,३६,०००।— रकम ब्यवस्था गर्ने गरि एकमुष्ट ठेक्का आह्वान गर्ने निर्णय गरियो।

निर्णय नं. १० प्रशासकीय भवनको आन्तरिक फर्निसिङ्ग तथा डेकोरेसनको लागि प्राविधिक स्टिमेट गरि प्रशासकीय भवनको सोधभर्ना रकमबाट आवश्यक बजेट व्यवस्थापन गरि ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ११ यस छत्रकोट गाउँपालिकाको निरन्तर कार्यक्रम विद्युत महशुल छुट कार्तिक महिनाको भुक्तानी दिने निर्णय गरियो।